## नमुना प्रश्न-१
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**
**उत्तीर्णाङ्क : ३०**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*
**तलका सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना सहित अक्षर संख्यासमेत देखाउनुहोस् :** ३
कविता विचार वा भावनाको लयवद्ध कलात्मक भाषिक अभिव्यक्ति हो । यसैले कविताको संरचनामा विचार वा भावना लय र भाषा संरचनाका रूपमा रहेका हुन्छन् ।

२. **शुद्ध गरी लेख्नुहोस् :** ३
आमा सुवोध अङ्कल मन पर्दैन मलाइ छोराको कुरा सुनेर म झस्कँ उसको भनाइमा निरासा थियो ।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २
(क) **तल दिइएका अंशबाट एक एक वटा परिभाषिक शब्द र अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
राम कुपोषण रोगबाट ग्रसित हुँदा डरले क्वाँक्वाँ रोए तापनि डाक्टरले त्यो रोगको निदान गर्दा गद्‌गद् भए ।
(ख) **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी त्यसलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
अगुल्टाले हानेको कुकुर विजुली चम्कँदा तर्सन्छ भने झैँ द्वन्द्वको बेलामा वमको आवाज सुन्दा तर्सेका नेपालीहरू आकाश गुडुङ्ग गर्दा पनि डराउँछन् । रातभरि करायो दक्षिणा हरायो भने झैँ छोरो परीक्षामा असफल हुँदा बुबा झनक्क रिसाउनु भयो ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग पहिचान गर्नुहोस् :** ३
भक्तपुरमा एक जना बुढा गएछन् तर भेट हुन सकेन । त्यस पछि उनी अब आउँदिन भनेर फर्के ।

५. **तलको अनुच्छेदबाट दुइवटा तत्सम र दुइवटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** २
हामी दैनिक विहान डुल्दा विभिन्न क्याम्पसका विद्यार्थी ड्रेस लगाएर हातमा मोबाइल र ब्याग बोकेर हिँडिरहेका हुन्छन् ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ३
(क) तल दिइएका उपसर्ग र प्रत्ययलाई एक एक शब्द बनाउनुहोस् :
उपसर्ग : परि सु, वि
प्रत्यय : एटो, इम, इयार
(ख) **तलको अनुच्छेदबाट तिनवटा समस्त शब्द र तिनवटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश लेख्नुहोस् :**
घरायसी विवादलाई लिएर आजभोलि घरघरमा झैँझगडा हुने गरेको पाइन्छ । दोबाटोमै आ-आफ्ना घरका समस्यालाई लिएर कुलको इज्जतसिज्जत फ्याँक्ने दाजुभाइहरू गोबरगणेश नै हुन् ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४
(क) **ले, लाई, द्वारा, देखि, को, मा, बाट, माथि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी चार वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस् ।**
(ख) **तल दिइएका वाक्यहरूलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :**
तँ विदेश जान्छस् । त्यहाँ तैँले राम्रो काम पाउँछस् । त खुसी हुन्छस् । विदेशमा तैँले धेरै अनुभव लिनेछस् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४
(क) पूर्ण भूत कालको प्रयोग चार वाक्यमा विगतमा घटेका कुनै घटनाको वर्णन गर्नुहोस् ।
(ख) आवश्यक सुधारसहित वाक्य परिवर्तन गर्नुहोस् :
कम्प्युटर प्रदर्शनी हेर्न गइयो । नयाँ प्रविधिबारे जानकारी पाइयो । एउटा मोबाइल किनियो । मोबाइलमा इन्टरनेट जोडियो ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४
(क) **एउटै वाक्यमा संश्लेषण गर्नुहोस् ।**
मुस्ताङ हिमाली जिल्ला हो । मुस्ताङ पर्यटकीय जिल्ला हो । मुस्ताङमा धेरै हावा चल्छ । मुस्ताङ स्याउका लागि प्रसिद्ध छ ।
(ख) **तल दिइएका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

कृष्णले उनीहरूलाई काम गर्दैनन् भन्यो । मैले आज अवश्यै पानी पर्ने कुरा बताएँ । हरिले आफू ज्ञानी भएको कुरा बतायो । उहाँले अध्यक्षज्यूलाई सभा आरम्भ गर्न अनुरोध गर्नुभयो ।

**१०. अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** **५**

पृथ्वीले आफ्नो कक्षमा गर्ने सूर्यको परिक्रमाले गर्दा यो कहिले उत्तरी कर्कट रेखातर्फ र कहिले दक्षिणी मकर रेखातर्फ नजिक हुने गर्दछ, जसका कारण पृथ्वी कहिले सूर्यको नजिक र कहिले टाढा हुने गर्दछ । यसैका परिणाम स्वरूप साधारणतः पृथ्वीमा विभिन्न ऋतुका साथै हावापानीमा समेत परिवर्तन भइरहन्छ ।

वायुमण्डलमा रहेका कार्बन डाइअक्साइड सहित अन्य हरित गृह प्रभाव अनुरूपका ग्याँसहरूको परिणाम बढ्नाले नै हावापानी परिवर्तन हुन्छ । बितेका एक लाख ६० हजार वर्षभा भन्दा विगत ३० वर्षबिच सबभन्दा बढी कार्बन डाइअक्साइड वायुमण्डलमा थुप्रिने गरेको छ । यसबाहेक मिथेन नाइट्रस अक्साइड, ओजोन ग्याँसहरूले पनि पृथ्वी तताउने काममा प्रमुख भूमिका खेलेका छन् । यी ग्याँसहरू वायुमण्डलमा तीव्र गतिले थुप्रिने क्रम जारी नै छ । यसरी थुप्रिएका ग्याँसहरूले सूर्यबाट आएका विकिरणहरूलाई सोसी वायुमण्डलाई तताउँछन् । यिनै ग्याँसहरूको प्रतिक्रियाबाट हावापानीमा परिवर्तन आउँछ ।

विश्वमा हावापानीमा परिवर्तन आउँदा पृथ्वीको तापक्रम बढ्छ । पृथ्वीको तापक्रम बढेका विभिन्न सङ्केतहरू देखा परिसकेका छन् । यही गतिमा तापक्रम बढेमा पृथ्वीका ध्रवीय तथा हिमालयको हिउँ पग्लिने छ । परिणामस्वरूप बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना हुनेछ । साथै अन्टार्कटिकामा युरोपीय देश लक्जम्वर्गको क्षेत्रफल बराबरको वर्दी हिउँको पाता बितेका ३० वर्षभित्र पग्लिसकेको छ । अफ्रिकाको सहारा क्षेत्रमा मरुभूमीकरणको तीव्रता आई त्यो पश्चिमतर्फ बढिरहेको छ । अधिकांश अफ्रिकी देशका सुख्खा क्षेत्रहरूमा तापक्रम बढ्नाले सिँचाइको अभाव भई कृषि उत्पादन घटेको छ ।

**प्रश्नहरू**

(क) ग्याँसहरूले कसरी वायुमण्डललाई तताउँछ ?

(ख) अफ्रिकी देशहरूमा आउन सक्ने खतरा के हुन सक्छ ?

(ग) के कारणले ऋतु परिवर्तन हुन्छ ?

(घ) बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना कसरी हुन्छ ?

(ङ) 'परिवर्तन' र मरुभूमीकरण शब्दको अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारवटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** **५**

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूर पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा, उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौँ उपत्यका, सिन्धुली माडी उपत्यका र अरु किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वानहरूको भनाइ अनुसार ती उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाइ लाख वर्ष पहिले ती उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवतः यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो । पानी बगेर गएपछि यहाँ जङ्गल भयो र जीवजन्तु पनि आफ्नो आहारको खोजीमा यसतर्फ अग्रसर भए । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो तर इसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालिसकेको थियो ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) आफ्नो गाउँमा खानेपानीको उचित प्रबन्ध हुन नसक्दा त्यसबाट उत्पन्न समस्याप्रति सम्वद्ध निकायको ध्यानाकर्षण गराउँदै राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् ।

(ख) साझा प्रकाशन काठमाडौँले जे.एन. पुस्तक पसल ओखलढुङ्गालाई विभिन्न पुस्तक वितरण गरी रु.२५,०००/- भुक्तानी लिएबापत गरिदिएको भरपाइको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** **५**

(क) आफ्नो विद्यालयमा भएको स्वागत कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

(ख) 'कोरोना महामारी' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** **४**

(क) यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।

(ख) वास्तवमा कलम र हृदय दुवैको मेल भएपछि राम्रो लेख्न सकिने रहेछ ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) दिइएको प्रबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

नेपालको आर्थिक विकासमा सहकारीले ठुलो योगदान दिन सक्ने कुरा केही वर्षभित्र यसले गरेका विभिन्न कार्यबाट थाहा पाउन सकिन्छ । यसैले समाजका सबै क्षेत्रमा सहकारीको आवश्यकता सबैतिरबाट महसुस गरिएको छ । सहकारी विभागको वि.सं. २०७७ को तथ्याङ्कअनुसार नेपालमा २९,८८६ सहकारी सञ्चालन भए

पनि अहिलेसम्म सबै क्षेत्रमा सहकारीको सञ्चालन हुन सकेको छैन । सबैजसो क्षेत्रमा सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको खण्डमा नेपाल धेरै कुरामा स्वावलम्बी हुन सक्ने देखिन्छ ।

**पंश्नहरू**

(क) नेपाललाई कसरी आत्मनिर्भर बनाउन सकिन्छ ?

(ख) नेपालका घरेलु उत्पादनलाई व्यवस्थापन गरी बजारीकरण गर्न कस्ता उपाय अवलम्बन गर्नुपर्ला ?

**(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अक्षता हेरे झैँ पत्रिकामा फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिनलाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यो । त्यस भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो । फेरि स्क्यान गर्न थाल्यो । स्क्यानिङ गर्न थालेपछि केही भाइरस भागेर कुना कुनामा पस्दा रहेछन् । करिब एक लाख फाइल स्क्यान गरेपछि पाँच थरीका भाइरस भेट्यो । ती भाइरसले लगभग चार सय फाइलमा सङ्क्रमण गरेका थिए । थुप्रै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्न सुझाव दियो । पेशलले 'ओके' लेखेका ठाउँमा माउसको चुच्चो लगेर थिच्यो । भाइरसले बिगारेका र मर्मत हुन नसकेका फाइल जति स्वात्तै उडायो ।

**प्रश्नहरू**

(क) 'भाइरसलाई उठाएर खरानीको घेराभित्र थेचाऱ्यो' भन्नुको तात्पर्य के हो ?

(ख) गोर्खेले कम्प्युटरलाई भाइरसमुक्त बनाउनका लागि गरेका क्रियाकलाप के के हुन् ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) दमयन्तीले आफ्नो सतित्व रक्षाका लागि गरेको त्याग र समर्पण तपाईंलाई कस्तो लाग्यो प्रतिक्रिया दिनुहोस् ।

(ख) 'एक चिहान' उपन्यासकी पात्र रञ्जनादेवीले पति गोदत्तलाई अझ खिस्सखिस्स हाँसिरहन लाज छैन भन्ने कुरा तपाईंलाई कस्तो लाग्यो आफ्नो राय दिनुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** **८**

(क) डाक्टर गोदत्त प्रसाद र सुरमान सुब्बाका चरित्रमा पाइने समानताहरू के के हुन् ? उपन्यासका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) हकिङले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन के कस्ता योगदान दिएका थिए ?

**१८. कुनै एक शीर्षकमा २५० शब्द नघटाइ निबन्ध लेख्नुहोस् ।** **८**

(क) वैज्ञानिक चमत्कार

(ख) नेपालमा जलस्रोतको सम्भावना

(ग) पुस्तकालयको महत्व